प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

कोशी प्रदेश,

विराटनगर, नेपाल।

सू.संख्या: १/२०८१।०८२

## तह वृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।

प्रकाशित मिति: २०८१।०८।१३

उपर्युक्त विषयमा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० को उपदफा (१) तथा प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५२ बमोजिम पाँचौ तहबाट छैटौं तह, सातौं तहबाट आठौं तर र नवौं तहबाट दशौं तहमा तह वृद्धिको लागि तह वृद्धि हुने पदभन्दा एकतह मुनीको पदमा पाँच बर्ष अवधि पुरा भएका र आवश्यक न्युनतम शैक्षिक योग्यता हाशिल गरेको यस मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत प्रदेश निजामती सेवा अन्तर्गतका कर्मचारीहरूलाई यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची २० को तह वृद्धिका लागि देहायबमोजिमका सम्पूर्ण कागजात सहित यस मन्त्रालयमा निवेदन पेस गर्न सूचित गरिन्छ।

आवश्यक कागजातहरू

१. तहवृद्धिका लागि उम्मेदवारको सक्कल निवेदन (मोबाइल नं. सहित)
२. शुरू नियुक्ति पत्रको प्रतिलिपि।
३. पछिल्लो बढुवा नियुक्ति पत्रको प्रतिलिपि।
४. समायोजन भएको पत्रको प्रतिलिपि।
५. कार्यरत निकायबाट अध्ययन विदा/ असाधारण विदा/ वेतलवी विदा नलिएको भनी गरिएको सिफारिस पत्र।
६. कार्यरत निकायबाट कुनै विभागीय सजाय नपाएको/निलम्बनको निर्णय नभएको भनी गरिएको सिफारिस पत्र।
७. कार्यरत निकायबाट तह वृद्धिको लागि योग्य रहेको भनी गरिएको सिफारिस पत्र लगायत अन्य आवश्यक कागजातहरू।